नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८
☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं. १६२ (नि. शि.)

मिति : २०७८/०३/१४ गते

**विषय: कोभिड-१९ संक्रमण न्यूनीकरण गर्न २०७८/०३/१५ राति १२:०० बजेबाट ऐ. असार ३१ गते राती १२:०० बजेसम्म सिरहा जिल्लाभर लागु हुने गरी प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।**

**आदेश जारी भएको मिति - २०७८/०३/१४**

कोभिड-१९ दोस्रो स्वरुपको संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकार (म.प.) को २०७८/०१/०६ तथा ऐ. १९ गते म.बै. को ३२१/५२८६ का निर्णय, CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित विषय, संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी आदेश संसोधन सम्वन्धी नेपाल सरकार, (म.प.) को म.प. बै.सं. २०/२०७८ मिति २०७८/०३/०७ को निर्णय कार्यान्वयन गर्नु पर्ने विषय र

DCMC सिरहाबाट मिति २०७८/०३/१४ गते भएको निर्णय समेतलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न आवश्यक देखिएको, कोभिड-१९ को संक्रमित संख्यामा केही कमी आएतापनि नयाँ लहरको संक्रमणबाट हालसम्म १०२ जनाको मृत्यु भै सकेको हुँदा सर्व साधारणको स्वास्थ्य हितलाई ध्यानमा राख्न २०७८/०१/२१ र २०७८/०१/३०, २०७८/०२/२० र २०७८/०२/३० गते जारी भएको आदेशको सट्टामा **अव २०७८/०३/१५ गते राती १२:०० बजेबाट ऐ. असार ३१ गते राती १२:०० बजेसम्म लागु हुने गरी सिरहा जिल्ला भरकालागि** देहाय बमोजिम गर्न गराउन स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) एवम् कोभिड – १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा (१) र (२) बमोजिम सिरहाका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८/०३/१४ का दिन **जारी भएको आदेश ;**

क) यस आदेशमा उल्लेखित विषयको अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्वन गर्नु पर्नेछ।

ख) स्वास्थ्योपचार, कार्यालयको काम र अति आवश्यक नपरी घर वाहिर हिडडुल नगर्न, वाहिर निस्कने समयमा मास्क लगाउन – दुरी कायम गर्न र आवश्यक्ता अनुसार स्यानीटाईजरको प्रयोग गर्न वा सावुन पानीले मिची मिची हात धुन अनुरोध छ।

**ग) आदेश अवधीमा गर्न पाईने तथा गर्न नपाईने क्रियाकलापहरु :**

| गर्न पाईने क्रियाकलाप<br>**(यस क्रियाकलापमा स्वास्थ्य सुरक्षाको मापदण्डअनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ)** | **गर्न नपाईने क्रियाकलाप** |
| --- | --- |
| १. **कामकैलागि खटिनु पर्ने परिचय पत्रधारी** कर्मचारी, स्वास्थ्यकर्मी, कृषि- उद्योग एवम् विकास आयोजना सम्वद्ध व्यक्ति, संचारकर्मी वाहेकको निजि तथा सार्वजनिक सवारी साधन नचलाउने । यसमा दमकल, एम्वुलेन्स, सुरक्षा निकाय, अस्पताल्, अत्यावश्यक पदार्थ ढुवानी तथा आपतकालीन उद्धारका संवारी साधन यथावत् चल्ने।<br><br>**अन्य निजी सवारी साधन गते अनुरुप जोर विजोरमा मात्र चल्ने।** | १. हाटबजार, मेला, भेला, सामुहिक भोज, नाचगान, जुलुस -याली नगर्ने नगराउने । तर निधो भै सकेको विवाह र धार्मिक सांस्कृतिक कृत्य स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गर्ने शर्तमा न.पा./गा.पा. को कार्यालयको अनिवार्य लिखित स्वीकृतिमा मात्र १० जनामा नबढ्ने गरी घरमै विधि पु-याई सम्पन्न गर्ने।<br>३. डिजे बाजा नबजाउने र ध्वनी प्रदुषण नगर्ने। |

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

☎ ५२००३२
फ्याक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं. ९६२ (प्र.स.)

२. औषधी, पानी र पेट्रोलीयम पदार्थ निर्वाध रुपमा व्यवसाय गर्ने ।

अस्पताल र छेउछाउका औषधी पसल २४ सै घण्टा खोल्नुपर्ने व्यवस्थालाई निरन्तरता दिने ।

३. **कृषि, उद्योग तथा विकास निर्माण सम्वद्ध उत्पादन, ढुवानी, वितरण तथा निर्माण गर्न पाईने तर हाट बजार लगाउन नपाउने ।**

४. खाद्यान्न, पसल विहान ०९:०० बजे देखि दिउँसो १:०० बजेसम्म संचालन गर्ने ।

५. फलफुल, तरकारी खरिद विक्री विहान ०५:०० बजे देखि दिउँसो १:०० बजेसम्म संचालन गर्ने ।

६. **निर्माण सामाग्री** : खसाली भण्डारण गर्न वाहेक विहान ०९:०० बजेदेखी दिउँसो १:०० बजेसम्म व्यवसाय गर्ने ।

७. शैलुन वाहेकका अन्य पसल : विहान ०९:०० बजे देखि दिउँसो १:०० बजेसम्म मात्र

८. वर्कसप संचालन ।

९. होटल व्यवसायीले विहान ९:०० बजे देखि दिउँसो ०१:०० बजेसम्म र वेलुकी ६:०० बजे देखि वेलुकी ८:०० बजेसम्म पाहुना नराखी अनलाईन/फोनबाट वुकिङ्ग र होम डेलिभरी गर्न र टेकअवे सेवा मात्र दिन पाउने ।

४. शैलुन, जिमखाना, स्पा, स्टिम बाथ/साउना, संचालन नगर्ने ।

५. बढी संक्रमण फैलन सक्ने बस, म्याजिक, अटो रिक्सा नचलाउने तर आकस्मिक रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड पु-याई **विरामीलाई सेवा दिन मात्र** वाधा नपर्ने,

**यसमा विरामीको सुविधालाई ध्यानमा राखी तोकिएको भन्दा बढी भाडा नलिने/नदिने ।**

६. होटल, रेष्टुरा, खाजा पसल, भित्र वस्ने र खाने गरी संचालन नगर्ने ।

७. CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा शिक्षण कक्षा वा परीक्षा संचालनमा रोक लगाए अनुरुप संचालन नगर्ने ।

- **२०७८ श्रावण महिनामा नदी घाट, तलाउ तथा धार्मिक स्थलमा भेला नभई घरमै बसि धार्मिक सांस्कृतिक कृत्य गर्ने ।**

**यस आदेशको पालना गरी गराई कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरण गर्न स्थानीय तह, सुरक्षा निकाय, राजनीतिकर्मी, शैक्षिक क्षेत्र, सामाजिक संघ संस्था, संचारकर्मी, व्यपारिक/व्यवशायिक क्षेत्र एवम् सम्वन्धित सवै सरोकारवालको निरन्तर सहयोगकालागि अनुरोध छ ।**

**यस आदेशको उलंघन गर्ने गराउनेलाई फिल्डमा खटिएका सुरक्षाकर्मीले प्रचलीत कानून बमोजिम कारवाहीको दायरामा ल्याउने छ ।**

२०७८।३।१४

**प्रदीपराज कणेल**
**प्रमुख जिल्ला अधिकारी**

प्रमुख जिल्ला अधिकारी